**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs. Date: 10.12.2025

**नथुलामा सरकारी पञ्जीकरण गरिएको व्यापारलाई तत्काल ध्यान दिन आग्रह: डीटी लेप्चा**

सिक्किम राज्यसभाका भाजपा सांसद डीटी लेप्चाले आज केन्द्र सरकारलाई २०२० देखि निलम्बित रहेको नथुला पास हुँदै सीमा व्यापार तत्काल पुनः सुरु गर्न र प्रभावित सीमा समुदायलाई राहत प्रदान गर्न आग्रह गरे।

राज्यसभामा शून्य समयमा यो मुद्दा उठाउँदै श्री लेप्चाले, लामो समयदेखि स्थगित रहेको परम्परागत व्यापारी, ढुवानीकर्ता, भरिया र चीनसँगको सीमापार व्यापारमा निर्भर रहेका बासिन्दाहरूको जीविकोपार्जनमा गम्भीर असर पारेको छ, भने। उनले नथुला व्यापारलाई आर्थिक जीवनरेखा र दुई राष्ट्रहरू बीचको विश्वास निर्माणको महत्त्वपूर्ण उपायको रूपमा रहेको जनाए

**डिएफओ गान्तोकले 12 देखि 14 डिसम्बरसम्म एमजी मार्गमा प्रधानमन्त्री विश्वकर्मा मेला आयोजना गर्ने**

सूक्ष्म, साना एवम् मझौला उद्यम-विकास तथा सहजीकरण कार्यालय (एमएसएमई-डीएफओ), गान्तोकले प्रधानमन्त्री विश्वकर्मा योजना अन्तर्गत दर्ता भएका लाभार्थीहरूका लागि 12 देखि 14 डिसम्बरसम्म गान्तोकको एमजी मार्गमा तीन दिने प्रधानमन्त्री विश्वकर्मा मेला आयोजना गर्नेछ। यो मेला "सिक्किम कला र परम्पराका रंगहरू" भन्ने विषयवस्तुमा आधारित रहनेछ।

यस कार्यक्रमको उद्देश्य परम्परागत कारीगर र शिल्पकारहरूलाई विरासतमा प्राप्त भएका परिवार-आधारित सीपहरूमा संलग्न, राष्ट्रको समृद्ध हस्तकला सम्पदाको संरक्षण गराउँदै उनीहरूको सीप, प्रतिस्पर्धात्मकता, उत्पादनको गुणस्तर र बजार सामर्थ्य बढाउनु हो। प्रधानमन्त्री विश्वकर्मा मेलाले सिक्किमका कारीगरहरूलाई आफ्नो अद्वितीय शिल्पकला प्रदर्शन गर्न, बजार सम्बन्धलाई सुदृढ पार्न र अझ बढी आर्थिक अवसरहरू खोज्न एउटा महत्त्वपूर्ण मञ्च प्रदान गर्नेछ।

**पाकिममा स्वच्छ भारत मिशन ग्रामीण बैठक जिल्लापालको अध्यक्षतामा सम्पन्न**

पाकिम जिल्ला प्रशासनिक केन्द्रमा आज जिल्लापाल रोहन अगवानेको अध्यक्षतामा एसबीएमजी अर्थात् स्वच्छ भारत मिशन ग्रामीणबारे समीक्षात्मक बैठक सम्पन्न भयो।

बैठकमा भारत सरकारको पेय जल तथा स्वच्छता विभागकी संयुक्त सचिव एवम् मिशन डाइरेक्टर ऐशवर्य सिंहले समुदायिक स्वच्छता, सम्पत्तिको दोहोरोपन र एसबीएम-जी अन्तर्गत निर्माण गरिएका पूर्वाधारहरूको कार्यान्वयन अवस्थाबारे चर्चा भयो।

बैठकमा जेजेएम अर्थात् जल जीवन मिशनबारे समीक्षा गरियो अनि खण्ड बिकास अधिकारीले एसबीएम-जी र जेजेएम कार्यहरूसहित एमजीनरेगाअन्तर्गत कार्यान्वयनसँग सम्बन्धित विभिन्न समस्याहरू प्रस्तुत गरे।

**स्वदेशी ज्ञान दस्तावेजीकरणसम्बन्धी परामर्श बैठक गान्तोकमा सम्पन्न**

भारत सरकारको आयुष मन्त्रालयको केन्द्रीय आयुर्वेदिक विज्ञान अनुसन्धान परिषद् अन्तर्गत क्षेत्रीय आयुर्वेद अनुसन्धान संस्थान (RARI), गान्तोकले आज प्रमुख संस्थाहरूका आमन्त्रित विषय-विज्ञहरूसँग परामर्श बैठक आयोजना गऱ्यो। बैठकको अध्यक्षता सहायक निर्देशक डा. अचिन्त्य मित्रले गर्नुभयो।

विज्ञहरूले आफ्ना दृष्टिकोणहरू साझा गर्दै रचनात्मक प्रतिक्रिया दिए साथै भविष्यको कामका लागि दस्तावेजीकरण प्रक्रियालाई सुदृढ पार्न तथा दृष्टिकोणहरूलाई परिष्कृत गर्न महत्त्वपूर्ण सुझावहरू दिए।

RARI, गान्तोकले बहु-अनुशासनात्मक विज्ञहरूसँग सक्रिय संलग्नता मार्फत सहयोगी अनुसन्धान साथै स्वदेशी ज्ञान दस्तावेजीकरणको गुणस्तर अनि परिधि बढाउन आफ्नो प्रतिबद्धता पुन: पुष्टी गर्यो।

## साहित्यकार नन्द हाङखिमलाई 'दान खालिङ साहित्यिक पुरस्कार' प्रदान गरिने

सिलगढी नेपाली साहित्य संस्थानले यस वर्षको (२०२५) 'दान खालिङ साहित्यिक पुरस्कार' वरिष्ठ साहित्यकार श्री नन्द हाङखिमलाई प्रदान गर्ने निर्णय गरेको छ। श्री हाङखिमको साहित्यप्रतिको आजीवन समर्पण र भारतीय नेपाली साहित्यिक विमर्शमा प्रगतिशील साहित्यको जग निर्माणसम्बन्धी महत्वपूर्ण योगदानलाई सम्मान जनाउन यो निर्णय लिइएको हो।

तीन सदस्यीय निर्णायक मण्डलीको हिज बैठक बसेको थियो। संस्थानकी उपाध्यक्ष श्रीमती सरिता शर्माको अध्यक्षतामा बसेको बैठकमा सर्वसम्मतिसहित वरिष्ठ साहित्यकार नन्द हाङखिमलाई ‘दान खालिङ साहित्यिक पुरस्कार २०२५’ का लागि चयन गरेको थियो

## जिल्ला स्तरीय २१ दिने विश्व शौचालय दिवस अभियान गेजिङमा समापन

मानवाधिकार दिवस पालन साथै २१ दिने विश्व शौचालय दिवस अभियानको समापन कार्यक्रम आज गेजिङ जिल्ला ग्रामीण विकास विभागमा सम्पन्न भयो।

कार्यक्रममा अतिरिक्त जिल्लापाल (विकास), सुरत कुमार गुरुङको उपस्थिति थियो।

समापन समारोहमा ब्लक प्रशासन, गेजिङ, प्रधान मन्त्री ग्राम सडक योजना, शिक्षा विभागका अधिकारीहरू र छनोट गरिएका लाभार्थीहरू उपस्थित थिए।

मानवाधिकार दिवसको अवसर पारी आज आयोजित 21 दिने विश्व शौचालय दिवस अभियान समापन कार्यक्रम जिल्लास्तरमा पालन गर्नुको उद्देश्य, सरसफाइ र मानवीय मर्यादाको अर्थपूर्ण सिर्जना गर्ने रहेको थियो।